म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७९ मंगलबार १५ कात्तिक २०७९ ने. सं. ११४३ कौलागा 1 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सामुदायिक प्रहरीलाई भवन हस्तान्तरण

हेटौंडा/ सामुदायिक प्रहरी सेवा केन्द्र मकवानपुर तथा सामुदायिक प्रहरी सेवा केन्द्र हेटौंडा-९ को नवनिर्मित भवन हस्तान्तरण गरिएको छ ।

सेवा क्यानाडा इन्टरनेसनलको आर्थिक सहयोग तथा सेवाका लागि युवा पोखरा कास्कीको समन्वयमा निर्मित भवन सोमबार हस्तान्तरण गरिएको हो । २० वेड र २२ थान अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्टेन्सर २ थानलगायत स्वास्थ्य सामग्रीसहितको भवन निर्माण भएको छ । भवन निर्माणका लागि स्वास्थ्य सामग्रीसहित कूल ४७ लाख २३ हजार रुपैयाँ खर्च भएको सेवाका लागि युवा पोखराका संयोजक छेवाङ कर्मा लामाले जानकारी दिए । सामुदायिक प्रहरी सेवा केन्द्र मकवानपुरका अध्यक्ष राम विष्टको सभाध्यक्षता तथा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख राजेन्द्रदेव पाण्डेको प्रमुख आतिथ्यतामा भवन हस्तान्तरण कार्यक्रम भएको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुका प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतम, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य बिरेन्द्र लामा, सेवाका लागि युवा मकवानपुरका संयोजक विवश सुवेदीलगायतको उपस्थिति थियो ।

## भैरबडाँडामा बाघ आतंक, स्थानीय त्रसित, रातभर गस्ती




साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१ भैरबडाँडा क्षेत्रमा पाटे बाघले आतंक मच्चाएको छ । भैरबडाँडाबासी बाघको आतंकले त्रसित भएका छन् ।

स्थानीय विनोद सापकोटाका अनुसार आइतबार दिउँसो बाघले दुई वटा बाख्रा खाएको थियो । स्थानीय नवराज तिमल्सिनाले पालेको बाख्रा बाघले खाएको सापकोटाले जानकारी दिए । 'नवराज तिमल्सिनाको बाख्रा हरायो भनेर खोजी गर्दा हामीले प्रत्यक्ष पाटे बाघ देखेका हौं । बाघले थप क्षति पुऱ्याउने डरले हामीहरु चिन्तामा बसेका छौं', सापकोटाले *साझाकुरा*सँग भने । उनले आइतबार दिउँसो देखिएको पाटे बाघ सोमबार साँझसम्म पनि भैरबडाँडामा नै देखिएको जानकारी दिए । 'सोमबार साँझ पनि बाघ देखियो । कहाँबाट आयो थाहा छैन । हामीलाई डर भयो', त्रसित मुद्रामा सापकोटाले घटना सुनाए ।

आइतबार बाघले आतंक मच्चाएपछि भैरबडाँडाबासीले सामूहिकरुपमा रातभर गाउँमा गस्ती गरेको सापकोटा बताउँछन् । स्थानीयले बाघ नियन्त्रणमा लिईदिन जिल्ला वन कार्यालय मकवानपुरलाई खबर गरेका थिए । वनको टोलीले सोमबार बिहान गाउँमा खोजी गर्दा पनि बाघ नभेटिएको उनले सुनाए । बिहान नभेटिएको बाघ साँझ गाउँमै देखा परेको सापकोटाले बताए । 'पाटे बाघ नै हो । मेरो आँखाले प्रत्यक्ष देखेको हो । यो बाघलाई तत्काल नियन्त्रणमा नलिए थप क्षति नहोला भन्न सकिन्न', उनी बताउँछन् । हेटौंडा-१, स्थित पाथिभारा मन्दिर नजिक रहेको डाङडुङे सामुदायिक वनमा पाटे बाघ घुमिरहेको स्थानीयहरुले बताएका छन् ।

डाङडुङे सामुदायिक वनमा स्थानीयहरु घाँस, दाउरा गर्न आउने भएकाले थप खतरा बढेको छ । बाघ हिँडडुल गरिरहेको खबरपछि घाँस, दाउरा गर्न स्थानीयहरु वन जान छोडेको जनाइएको छ । सापकोटाका अनुसार पाटे बाघको माउ १ वटा र बच्चा बाघ २ वटा वस्तीमा छिरेको हो । बाघ विगतका वर्षमा पनि देखिने गरेको उनले बताए । सौराहबाट बाघ बस्तीसम्म आइपुगेको स्थानीयहरुको अनुमान छ । चितवनको सौराहदेखि हेटौंडासम्मै जंगल क्षेत्र रहेको छ । बाघ जतिबेला पनि बस्तीमा पस्न सक्ने भएकाले स्थानीयहरु सामूहिक रुपमा भेला भएर बसेको उनले बताए ।

## दीपक सिंहप्रति मधु अधिकारीको कडा टिप्पणी
## 'वडा अध्यक्ष उठ्न आए आश्चर्य नमान्नू'

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा राप्रपाबाट उम्मेदवार दीपकबहादुर सिंहलाई उनकै पूर्वसहकर्मी मधु अधिकारीले काउन्टर दिएका छन् ।

नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय निर्वाचन आयोग सदस्य मधु अधिकारीले राप्रपाका उम्मेदवार सिंहलाई वडा अध्यक्षको चुनाव लड्न आए आश्चर्य नमान्न आग्रह गरेका छन् । सिंह र अधिकारी गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचन अघि राप्रपाका सहयात्री थिए । स्थानीय तहको निर्वाचनपछि राप्रपा छोडेर एकीकृत समाजवादी रोजेका अधिकारीले सोमबार गठबन्धनको चुनावी अभियानअन्तर्गत् हेटौंडा-६ मा भएको प्रचारप्रसार कार्यालयको उद्घाटनमा बोल्दै सिंह प्रतिनिधिसभा निर्वाचन हारेपछि वडा अध्यक्ष उठ्न आए भनेपनि आश्चर्य नहुन भनेका हुन् ।

'एउटै मान्छे मेयरको चुनाव पनि लडेको छ । त्यसको ६ महिना नबित्दै फेरि त्यै मान्छेलाई प्रतिनिधिसभा सदस्य पदको टिकट पनि चाहिएको छ', अधिकारीले भने- 'दीपक सिंह भन्ने मान्छे अब वडा अध्यक्षमा चुनाव लड्यो भने आश्चर्य नमान्दा हुन्छ', मकवानपुरे जनताको लागि कमल थापा र दीपक सिंह दुबै उपयुक्त नभएको अधिकारीको आरोप थियो । आफूले थापा र सिंहसँग ३७ वर्ष संगत गरेको भन्दै अधिकारीले चुनाव आएपछि मात्रै उहाँहरु गाउँ छिर्ने गरेको आरोप लगाए । चुनाव लागेपछि गाउँ छिरेका थापा र सिंहले जनतालाई अनेक प्रलोभन र आश्वासन बाँड्न व्यस्त भएको अधिकारीले आरोप लगाएका हुन् ।

थापा र सिंह उपयुक्त भएको भए आफू गठबन्धन पक्षमा मत मागिरहेको नहुने दाबी गरे । 'उहाँहरु उपयुक्त नभएकैले मैले साथ छोडेर नयाँ राजनीतिक यात्रा थालेको हुँ,' उनले भने । गठबन्धनको तर्फबाट मकवानपुर क्षेत्र नम्बर १ को प्रतिनिधिसभा सदस्य उम्मेदवार कांग्रेस केन्द्रीय सहमहामन्त्री 'पावरफुल' मन्त्री बन्ने हैसियतको भएको दाबी गर्दै उनले उनको विकल्प अरु उम्मेदवार हुनै नसक्ने ठोकुवा गरे । डिनाको प्रशंसा गर्दै अधिकारीले भने, 'महिलाको समस्या र मकवानपुरको भूगोल बुझेको नेता हुनुहुन्छ, उहाँलाई हामीले जिताउन सक्यौं भने मन्त्री पक्का छ ।'

## 'गठन्धनमाथिका भ्रमको पछि नलागौं'



हेटौंडा, १३ कात्तिक/ मकवानपुरको प्रदेशसभा १ को (ख)बाट गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका आनन्दराम पराजुलीले गठबन्धनको बिषयमा विरोधीहरुले गलत हल्ला फैलाएको बताएका छन् । गठबन्धनविरुद्ध भ्रम सृजना गरिरहेकोले त्यसको पछि नलाग्न मतदाताहरुमा पराजुलीले अनुरोध गरेका छन् ।

हेटौंडा-८ मा भएको कार्यक्रममा उनले भने, 'गठबन्धन दलको बीचमा राम्रो छैन, एकले अर्कालाई भोट हाल्दैन, कांग्रेसले कांग्रेसकै उम्मेदवारलाई भोट दिँदैन भनेर चोकचौतारामा गलत हल्ला फैलाइएको पाएका छौं । यस्ता कुरामा कुनै तुक छैन । गठबन्धनबाट मकवानपुरका ६ जनै उम्मेदवार बिजयी हुनेछौं,' पराजुलीले भने । मकवानपुरमा पटक-पटक एमालेलाई जिताए पनि देखिने काम केही नभएको उल्लेख गर्दै उनले एकपटक लोकतान्त्रिक-वाम गठबन्धनका उम्मेदवारलाई जिताउन अनुरोध गरे । 'हामी एमालेलाई हराउन गठबन्धन गरेका होइनौं । हाम्रो अधिकार एवम् प्राप्त उपलब्धिहरुको रक्षा, संविधान र मुलुकलाई जोगाउनका लागि गठबन्धन गरेका हौं,' पराजुलीले स्पष्ट पारे ।

## मकवानपुरमा डेंगु संक्रमित ५ हजार नाघ्यो

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार नाघेको छ । आइतबार थप १३ जनामा डंगु पुष्टि भएसँगै संक्रमितहरुको संख्या ५ हजार नाघेको हो ।

साउन यता जिल्लामा ५ हजार ३७ जनामा डेंगु संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । कार्यालयको अनुसार जिल्लामा सबैभन्दा धेरै हेटौंडा उपमहानगर पालिकामा संक्रमित भएका छन् । हेटौंडामा हालसम्म दुई हजार एकसय ९९ पुरुष र एकहजार सातसय ४८ महिला गरी तीन हजार नौसय ४७ जना संक्रमित फेला परेका छन् ।

यसैगरी, थाहा नगर पालिकाको ९४ जना पुरुष र ५३ जना महिला गरी एकसय ४७ जना डेंगु संक्रमण पुष्टि भएको कार्यालयको तथ्यांकमा उल्लेख छ । मकवानपुरगढी गाउँपालिकाको ४२ पुरुष र २८ महिला गरी ७० जना, मनहरी गाउँपालिकाको तीन सय ८७ पुरुष र तीन सय ३६ महिला गरी सात सय २३ जना र बगमती गाउँपालिकाको ४ जना पुरुष र ३ जना महिला गरी ७ जनामा डेंगु पुष्टि भएको छ । कैलाश गाउँपालिकाको ४ जना पुरुष र ३ जना महिला गरी ७ जना, भिमफेदी गाउँपालिकाको १७ जना पुरुष र २० जना महिला गरी ३७ जना, बकैया गाउँपालिकाको १२ पुरुष र २४ महिला गरी ३६ जना, राक्सिराङ गाउँपालिकाको १५ पुरुष र ४ महिला गरी १९ जना र इन्द्रसरोवर गाउँपालिकाको १ पुरुष र दुई महिला गरी ३ जनामा डेंगु संक्रमण पुष्टि भएको कार्यालयले जनाएको छ । कार्यालयको अनुसार १४ पुरुष र १३ महिला गरी २७ जना ठेगाना नखुलेका तथा १० पुरुष र ४ महिला गरी १४ जना अन्य जिल्लाकालाई एडिसजातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये एक डेंगु पनि हो । ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता डेंगुका सुरुवाती लक्षणहरु हुन् । एक प्रकारको विषाणुबाट डेंगु भइसकेको व्यक्तिलाई अर्को प्रकारको विषाणु भएको लामखुट्टेले टोकेको अवस्थामा डेंगु घातक हुन्छ । अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) को तथ्यपत्रअनुसार डेंगुले गर्दा शरीरको रगत जम्न (क्लटिङ) प्रक्रिया अव्यवस्थित हुन्छ । यसको घातक रुप हुँदा सम्पूर्ण शरीरमा रक्तस्राव हुन थाल्छ । डेंगु ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । डेंगु लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ । फलस्वरुप मानिसहरु सिकिस्त हुने गर्छन् । सामान्य डेंगु ज्वरो, हेमोरेजिक र सक सिन्ड्रोम गरी डेंगु ज्वरो तीन प्रकारको हुन्छ । हेमोरेजिक र सक सिन्ड्रोम ज्वरो खतरनाक हुन्छ । सामान्य डेंगु ज्वरो नियन्त्रणमा नआउँदा यो हेमोरेजिक वा सक सिन्ड्रोममा परिवर्तित हुँदा नियन्त्रण गर्न गाह्रो हुन्छ । डेंगुको ज्वरो आएको तीनदेखि सात दिनसम्म नाजुक स्थिति हुन्छ ।

डेंगु प्रभावित क्षेत्रमा ज्वरो आउँदा आफूखुसी आइब्फेन, डाइक्लोफिनाक, एस्प्रिन आदि सेवन गर्नु हुँदैन । डेंगु ज्वरोका बिरामीहरुलाई राहत प्रदान गर्न उपचार गरिन्छ । खासमा डेंगुको कुनै उपचार नै छैन । डेंगुका बिरामीले चिकित्सकीय सल्लाहअनुसार निगरानीमा रहँदा यो संक्रमणले हुने मृत्युलाई शून्यमा झार्न सकिन्छ ।

## जनताको समृद्धिको दिन आयो: बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् मकवानपुर क्षेत्र नं. २ ख का उम्मेदवार ईन्द्रबहादुर बानियाँले जनताको समृद्धिको दिन आएको बताएका छन् ।

सोमबार इमानुयल रिभाईभ्ड चर्चको आयोजनामा मनहरी प्याङ्चे पास्टर अगुवा भेला तथा चियापान कार्यक्रममा नेता बानियाँले यस्तो बताएका हुन् । उनले धर्मको नाममा राजनीति गर्नेहरुको अब दिन सकिएको बताए । बानियाँले मनहरी, राक्सीराङ र कैलाशका चेपाङ, प्रजा र तामाङ समुदायका जनताको समृद्धिको दिन आएको बताए । केपी ओली नेतृत्वको एमाले गणतन्त्र, संघीयता र धर्मनिरपेक्ष विरोधी भएको बताउँदै राजतन्त्र बोक्ने लिङ्देन, देश टुक्र्याउन खोज्ने सिके राउत र जनआन्दोलनमा मान्छे मार्ने मण्डले कमल थापासंग मिलेर ओली नेतृत्वको एमालेले गठबन्धन गरेको उनको आरोप थियो ।

रिभाईभ्ड चर्चका पाष्टर कुमार प्रजाको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर प्रजा, कांग्रेस मकवानपुर क्षेत्र नं. २ का संघीय सभापति लोकबहादुर मुक्तान, कांग्रेस मकवानपुर क्षेत्र नं. २ ख का सभापति रञ्जन कालाखेती, माओवादी केन्द्र बागमती प्रदेश सदस्य बनस्तम थिङ, चर्चका सदस्य विष्णुराम प्रजा, समाजवादीका कृष्णबहादुर चेपाङ लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## ५१ जुवाडे थपिएसी प्रहरी हिरासत खचाखच

साझाकुरा संवाददाता



हेटौंडा, १४ कात्तिक/ आरोपीहरुको ठूलो संख्याभित्र पसेपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्ष खचाखच भएको छ ।

दिपावलीमा मात्रै ५१ जना जुवाडे पक्राउ परेपछि जिल्लाको हिरासत कक्ष खचाखच भएको हो । सोमबार हेटौंडा-११ नवलपुरमा यसअघि पक्राउ परेका ३३ जना जुवाडेलाई भित्र हालेपछि हिरासत भरिएको हो । हाल हिरासत कक्षमा एकसय जना भन्दा बढी आरोपीहरु रहेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । एउटा महिला हिरासत कक्षसहित ५ वटा कोठामा २ सय जना आरोपीसम्म राख्ने हिरासतको क्षमता छ । सोमबार १ सय भन्दा बढी आरोपीहरु थुनामा छन् । जिल्ला प्रहरीको हिरासत लामो समयपछि आधा भरिएको हो । यसअघि ५०-६० जनासम्म आरोपीहरु थुनामा हुने गरेका थिए ।

नवलपुरबाट सोमबार हाजिर भएका ३३ जुवाडेलाई हिरासतमा राखेपछि प्रहरीलाई हिरासत कक्ष व्यवस्थापनमा समस्या परेको थियो । डीएसपी कार्कीले एकैपटक ३३ जना आरोपीलाई थुनामा पठाउँदा व्यवस्थामा कठिनाई भएको *साझाकुरा*लाई बताए । नवलपुरबाट ३३ जना जुवाडेलाई गत मंगलबार राति प्रहरीले पक्राउ परेका थिए । पक्राउ पर्नेहरु सबै नवलपुरका स्थानीय हुन् । उनीहरुलाई भाइटीका लगाउन भनेर प्रहरीले १४ कात्तिक सोमबार उपस्थिति हुने गरी छोडेको थियो । कानुनमा आरोपीहरुलाई सुविधाभोग गर्ने गरी 'छुट्टी' दिने व्यवस्था नभए पनि मकवानपुर प्रहरीले ३३ जना जुवाडेलाई पछि हाजिर हुने गरी घर फिर्ता गरेको थियो ।

जुवा खेलिरहेको अवस्थामा पक्राउ परेका ३३ जना नै सोमबार जिल्ला प्रहरी कार्यालयमा हाजिर भएको डीएसपी कार्कीले जानकारी दिए । उनीहरुलाई जिल्ला अदालत मकवानपुरबाट म्याद थप गरेर हिरासतमा राखिएको उनले बताएका छन् । नवलपुरबाट पक्राउ परेका ३३ र हेटौंडा-६ चौघडाबाट दिपावली सकिएपछि पक्राउ परेका १८ जना गरेर ५१ जना जुवाडे हिरासतमा छन् । ५१ जनाकै जिल्ला अदालतबाट म्याद भएर कानुनी कारबाहीको लागि प्रक्रिया अगाडि बढाइएको डीएसपी कार्कीले बताए ।

दिपावली अघि नवलपुरबाट पक्राउ परेका जुवाडेहरुलाई अदालतमा म्याद थप गर्न लगातार विदा परेकाले १४ कात्तिकमा कार्यालय खुलेको दिनमा प्रहरीमा हाजिर हुने गरी चार्डपर्व मनाउनकै लागि प्रहरीले राजनीतिक दबाबमा छोडिदिएको थियो । प्रहरीले सामान्य घटनामा सामान्य पृष्ठभूमि भएका आरोपीलाई यसरी सुविधा प्रदान गर्ने गर्दैन् । जुवाडेमा पक्राउ परेकाहरु सवारीचालकदेखि ठूला व्यवसायीसम्म थिए । पक्राउ परेकाहरुलाई अनुसन्धान गरिरहेका अनुसन्धान अधिकृत र सरकारी वकिलको समन्वयमा आफन्तको जिम्मा जवानीमा छोडिएको डीएसपी कार्कीले बताए ।

नवलपुरका जुवाडेको साथबाट प्रहरीले ७३ हजार रुपैयाँ नगद रकमसमेत बरामद गरेको थियो । ३३ जना बसेको जुवा खालबाट ७३ हजार नगदमात्रै बरामद भएको सूचनापछि कतिपय स्थानीयले आश्चर्य मानेको हल्ला छ । अस्थायी प्रहरी पोष्ट थानाभऱ्याङ र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी निरीक्षकको टोलीले हेटौडा-११ नवलपुरस्थित बैकुण्ठ बलामीको घरमा रहेको ग्यारेजमा जुवा खेलिरहेको अवस्थामा ३३ जना र प्रहरीलाई अभद्र व्यवहार गर्ने थप एक जनालाई पक्राउ गरेको थियो । जुवा खालबाट कौडा, तास १३ बुक पनि बरामद भएको थियो । प्रहरीले जुवाडेहरुको नाम सार्वजनिक भने गरेको छैन ।

यसैगरी, हेटौंडा उपमहानगरपालिका-६, स्थित चौघडामा जुवा खेलिरहेका १८ जना जुवाडेलाई प्रहरीले पक्राउ गरेको थियो । प्रहरी चौकी चौघडाबाट र जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट खटिएको प्रहरी टोलीले भाइटीकाको भोलिपल्ट राति कौडा खेलिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको हो । स्थानीय धुव्र राईको घरमा जुवा खेलिरहेका अवस्थामा प्रहरीले छापा मारेको थियो । उनीहरुको साथबाट कौडा १६ थान, नगद ३१ हजार ८ सय २० रुपैयाँ बरामद गरिएको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरू:
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# शहरीकरण र जलवायु परिवर्तन

हिजो 'विश्व सहरीकरण दिवस २०२२' यूएनहेबिट्को सहजीकरणमा चीनको साँघाई सहरमा विश्वभरिका देशका प्रतिनिधिहरूको संलग्नतामा मनाइयो । सन् २०१४ अक्टोबर ३१ तारिखदेखि मनाउन सुरु गरिएको यो दिवसमा विश्वभरि अनेक कार्यक्रम गरी मनाइन्छ । पछिल्ला वर्षमा कोरोना भाइरस कहर र फैलिँदो संक्रमणका कारण विश्वमै औपचारिक कार्यक्रम भएका थिएनन् । सन् २०२२ मा नवौं विश्व सहरीकरण दिवस मनाइएको हो । अक्टोबर महिनालाई 'अर्बन अक्टोबर' अर्थात् सहरी महिनाका रूपमा लिइन्छ । अक्टोबर महिनाको अन्तिम दिनलाई सहरीकरण दिवसका रूपमा मनाइँदै आएको छ । 'उत्कृष्ट सहर, उत्कृष्ट जीवन' भन्ने सोचलाई मध्यनजर गरी हरेक वर्षको अक्टोबर ३१ को दिन विश्वभरि सहरीकरण दिवस मनाइन्छ । सन् २०१४ मा चीनमा 'प्रमुख सहरी रूपान्तरण' भन्ने नाराका साथ पहिलो सहरीकरण दिवस मनाइएको थियो ।

गाउँको छुट्टै मौलिक पहिचान हुन्छ । तर, सहर भन्ने बित्तिकै सबैको अनुमानमा सुविधा सम्पन्न संसार भन्ने धारणा हुन्छ । सहर एक ठूलो मानव समुदायलाई व्यवस्थित आवास, यातायात, स्वच्छता, उपयोगिता, भूमिको उपयोग र सञ्चारका लागि व्यापक सुविधायुक्त जगत् हो । सहरीकरण भन्नाले एक स्मार्ट र हरियो सहर बनाउने भन्ने मात्र पनि हैन । यो त सांस्कृतिक, सामाजिक, आर्थिक र राजनीतिक जगको स्थापना गर्नु पनि हो । सहरमा मानव जीवनमा हुनुपर्ने सुविधा सहज हुनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारीको सहज व्यवस्थासहित देशको साँस्कृतिक पक्ष झल्कने ऐतिहासिक संरचनाहरु अति आवश्यक छ । सहज आवतजावतको लागि पर्याप्त बाटोघाटो एउटा व्यवस्थित सहरको प्राथमिक आवश्यकता हो । आर्थिक गतिविधिको हिसाबले नजिकका ग्रामीण भेगलाईसमेत सहज बजारीकरण गर्न सक्ने हुनु अर्को आवश्यक पक्ष हो ।

अन्तर्राष्ट्रिय समुदायको हितलाई बढवा दिन विश्वव्यापी सहरीकरणको अवसरहरू भेट्न, सहरीकरणको चुनौतीहरू सम्बोधन गर्न, गाउँ र सहरहरूबीचको सहयोग बढाउन र सहरी विकासका लागि योगदान पुऱ्याउन विश्व सहरीकरण दिवस मनाइन्छ । सन् २०२२ को सहरीकरण दिवसको नारा चाहिँ 'एक्ट लोकल टु गो ग्लोबल' अर्थात् विश्वमा पुग्न, स्थानीय कार्य । जलवायु परिवर्तनमा सहरीकरणको भूमिका र व्यवस्थित सहरीकरणको महत्वलाई यस वर्ष विशेष ध्यान दिइएको छ । विश्वमा जलवायु परिवर्तन तीव्र गतिमा भइरहेको छ । यसलाई सहरीकरण दिवस मनाउँदै गर्दा जलवायु परिवर्तन अनुकूलन र यसले पार्ने नकारात्मक प्रभाव न्यूनीकरणका विषयमा विश्वस्तरमा छलफल र बहस हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक १६ गते बुधबार ०२ नोभेम्बर २०२२ । कात्तिक शुक्लपक्ष नवमी । कछलाथ्व ११४३ ने.सं. । सूर्योदय ६:१६, सूर्यास्त ५:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : न्यायिक कार्यमा सफलता | तुला | : नवीन कार्ययोजनामा लगानी |
| वृष | : अहमपनले कार्यमा हानि | वृश्चिक | : अशुभ समाचार सुन्नुपर्ने |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : साझेदारी कार्यमा विवाद |
| कर्कट | : सहयोगीहरूले राम्रो साथ दिनेछन् | मकर | : कुरा काट्नेहरु सक्रियता |
| सिंह | : व्यापारमा विशेष फाइदा हुनेछ | कुम्भ | : दैनिक आयमा कमी |
| कन्या | : शत्रु सजिलै हराउन सकिनेछ | मीन | : मांगलिक कार्य सम्पादन |

# 'नेताजी, यत्रो आरोप लागेको छ फिटिक्कै नबोल्ने ?'



डा. अश्वस्थामा भक्त खरेल,

समाज सुधार्ने, समाजलाई अग्रगमनतर्फ लैजाने र जनताको विकास निर्माणको चाहना नीतिगत रूपमा सम्बोधन गर्नका लागि राजनीति गरिन्छ । पुराना कृति र अन्य दस्तावेज अध्ययन गर्दा समाजको विकाससँगै राजनीतिको पनि सुरुवात भएको देख्न सकिन्छ । नागरिकलाई नियमित सेवा दिने सार्वजनिक प्रशासनको नीतिनिर्माणमा राजनीतिकै योगदान रहन्छ । तर प्रशासन संयन्त्रमा हामी नै स्थायी र सर्वेसर्वा हौं भन्ने प्रवृत्ति देखिएको छ । त्यसैगरी राजनीतिज्ञहरूमा पनि कानुन निर्माण र अन्य नीति बनाउनेहरू हामी नै हौं भन्ने प्रवृत्ति व्याप्त छ । हामी जे गर्छौं, त्यो सबैले पालना गर्नुपर्छ भनेर राज्यका निकायलाई दबावमा राखेका छन् । यही मनोवृत्तिका कारण उत्तरदायित्व र जवाफदेही ओझेलमा परेका छन् । शक्तिमा रहेका र अधिकारको प्रयोग गर्नेहरूले त्यसको दुरुपयोग गरी आर्जन गर्ने क्रियाकलाप भ्रष्टाचार हो, त्यसमा संलग्न हुनेहरूलाई भ्रष्टाचारी भनिन्छ । तर, यहाँ जसले भ्रष्टाचार गर्छ, गैरकानुनी सम्पत्ति आर्जन गर्छ, उही नै पुरस्कृत हुने, राज्यले उसैको सम्मान गर्ने अवस्था देखापरेको छ । समाजले पनि चाहेर/नचाहेर उनीहरूलाई स्वीकार गर्नुपर्ने अवस्था छ ।

जो शक्तिमा पुग्न सक्दैनन्, जो भ्रष्टाचार गर्न सक्दैनन्, उनीहरू सधैं निमुखा भएका छन् । उनीहरू आधारभूत सुविधाबाट वञ्चित हुने र कष्टकर जीवनयापन गर्न बाध्य हुनुपर्ने अवस्था छ । तर उनीहरूकै मतबाट राजनीतिज्ञहरूले शासन गरिरहेका छन् । प्रहरी, प्रशासन, सार्वजनिक सेवा प्रवाह गर्ने कर्मचारीहरू पनि यिनै निमुखा जनताभन्दा राजनीतिज्ञ र शक्तिमा रहेकाहरूप्रति जवाफदेही छन् । त्यसैले जनताप्रति राजनीतिज्ञहरूको जवाफदेही शब्दमा मात्रै सीमित छ । पछिल्ला पाँच वर्ष मात्रै हेर्ने हो भने एकपछि अर्को गर्दै भ्रष्टाचार र अनियमितताका घटना बाहिर आए । यी केही उदाहरण मात्रै हुन् । पञ्चायतकाल र त्यसयताका राजनीतिक व्यवस्थामा पनि यस्ता असंख्य घटना छन् । हाम्रै आँखाले देख्दादेख्दै कतिपय राजनीतिज्ञको जीवनस्तर आकाशिएको छ । नयाँ संविधान जारी भएपछि निर्वाचित जनप्रतिनिधिले पनि पुरानै रवैया देखाइरहेका छन् । राजनीतिक आन्दोलन र परिवर्तनको लाभ सीमित टाठाबाठा वर्गमा पुग्यो, आम नागरिकले त्यसको उपभोग गर्न पाएनन् । ठूला राजनीतिक दलहरू, तिनका पनि ठूला नेताहरू बारम्बार शक्तिकेन्द्रमा पुगे । प्राडो, पजेरो काण्डदेखि नै कतिपय नेताहरूले अदृश्य लाभ लिइरहे । कतिपयलाई त सम्पत्ति विदेशमा लुकाएको आरोप समेत लागेको छ । यसको अर्थ आम मानिस र सिंगो देशले परिवर्तनको लाभ पाएन । नेपालमा पर्याप्त कानुनी पूर्वाधार छ । नेपाल पक्षराष्ट्र भएका कैयौं महासन्धि अनुमोदन गरेको छ, त्यस अनुकूल कानुन बनाएको छ । तर, त्यस अनुकूल आचरण र व्यवहार भएनन् । भागबण्डामा जे गरे पनि छुट हुनेभयो । कर्मचारीवृत्तमा राजनीतिक भागबण्डाको असर परेको छ । दलहरू पनि त्यसमा रमाइरहेका छन् । न्यायपालिकाभित्र पनि त्यो समस्या छ ।

जनताको मतबाट निर्वाचित भएको, उनीहरूमाथि विभिन्न आरोप लागेका, तर कुनै प्रतिवाद नगरेका र मौन बसेका अनेक घटना छन् । यो शक्तिको उन्माद र उद्दण्डता समेत हो । राजनीतिमार्फत शक्ति आर्जन गरेपछि त्यही शक्तिको भरमा निरन्तरता चाहने तर जवाफदेही हुनु नपर्ने संस्कारका कारण यस्तो भएको हो । सुशासन अवलम्बन गर्नुपर्ने, जवाफ दिनुपर्ने र उत्तरदातिव बहन गर्नुपर्नेहरू जवाफदेहीबाट आफूहरू थप परिपक्व भइन्छ भन्ने महसुस गर्दैनन् । उनीहरू शक्तिकेन्द्रमा छन् । विभिन्न निकाय र केन्द्रमा आफ्ना मान्छेहरू भर्ती गरेका छन् । त्यहाँबाट उनीहरू थप शक्तिशाली र संरक्षित हुन चाहन्छन् । त्यसो भएपछि शक्तिमा थप निरन्तर रहन सकिन्छ भन्ने सोच उनीहरूको छ । कतिपय निकायमा आफू अनुकूलका मानिसहरू नियुक्त गरेकाले उनीहरूलाई आफू दण्डित भइएला भन्ने डर छैन, निर्धक्क छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख काम भ्रष्टाचारको घटनामा छानबिन र संलग्नहरूमाथि मुद्दा दायर गर्ने हो । तर अख्तियारमा प्रमुख दलहरूले अनुकूलका पात्र पठाएका कारण कुनै ठूला दलका नेताहरूमाथि छानबिन र मुद्दा दायर भयो भने उनीहरूलाई दलबाट नै दबाव आउँछ । दलहरूकै कारण नियुक्त भएका उनीहरूले आफूलाई नियुक्त गर्नेहरूप्रति कृतज्ञता व्यक्त गर्छन् र कुनै कारबाही गर्न सक्दैनन् । अख्तियार राजनीतिक दलहरूको गोटीको रूपमा मात्रै प्रयोग भइरहेको आजको यथार्थ हो । लोकसेवा आयोगले एक/दुई वर्षदेखि परीक्षा सञ्चालन गर्न सकेको छैन । निर्वाचन आयोगका आयुक्तहरू अमूक अमूक दलको शाखाजस्तो बनेका छन् । यी उदाहरण मात्रै हुन्, अरू निकायहरूको अवस्था पनि यस्तै छ । यसरी राज्यका निकायहरू प्रभावित भएपछि शक्ति, धन र स्रोतसाधन हुनेहरूलाई स्वत: निर्वाचन जित्ने आत्मबल आउने भयो ।


किन जनताप्रति जवाफदेही र उत्तरदायी बन्नुपऱ्यो ? निर्वाचनको बेलामा समेत हाम्रा राजनीतिज्ञहरू जवाफदेही हुन नपरेपछि अरू कतिबेला उनीहरू जिम्मेवार हुनेभए र ? यसले त दण्डहीनतालाई झनै बलियो बनाउने भयो । यीमध्ये केही अहिले पनि उम्मेदवार बनेका छन्, घरदैलोमा जाँदैनन् । यिनीहरू कसैलाई पनि नागरिकले 'तँ यो-यो घटनामा संलग्न थिइस्, तँमाथि यो-यो आरोप थियो, के भन्छस् भनेर ठाडो रूपमा सोध्न सकेका छैनन् । त्यसका केही कारण छन्, जसले गर्दा नागरिकहरूलाई प्रश्न सोध्न र नेताहरूलाई जवाफदेही बनाउन जाँगर छैन । नेताजी, यत्रो आरोप लागेको छ फिटिक्कै नबोल्ने ? भनेर प्रश्न गर्ने संस्कृति भएन । हामीहरू अहिले दलका घोषणापत्र देखेर रमाइरहेका छौं, उनीहरूका कुरामा विश्वास गर्छौं । तर पाँच वर्षअघिका घोषणापत्रमा रहेका व्यवस्थाहरू के के कार्यान्वयन भए भनेर सोध्न सकेका छैनौं । खर्च गरेर निर्वाचन जित्ने प्रयास गर्नु भनेको मतदाताको कमजोरीमाथि फाइदा उठाउनु पनि हो । हामी आम नागरिकले पनि यो विषयमा प्रश्न उठाउन र सोध्न सकेका छैनौं । कताकता मलाई हामी नेपाली विश्वमै सहनशील हौं कि जस्तो लाग्छ । विगतका घटनाक्रमहरू हेर्दा हामीले कठिन र कठोर खालका समस्या सामना गरिसकेका छौं र अहिले बिर्सिसकेका छौं । त्यही कारण पनि कतिपय उम्मेदवार जिम्मेवार र जवाफदेही हुनुभन्दा 'खर्च गरेर चुनाव जित्ने' मानसिकतातिर लागे । अहिले उम्मेदवारहरूमाझ शक्ति, धन र बल भएपछि सहजै निर्वाचन जितिने रहेछ भन्ने भाष्य स्थापित हुँदै गइरहेको छ ।

> *कतिपय उम्मेदवारहरूमा 'हामीलाई त कसैले पनि केही गर्न नसक्ने रहेछ !भन्ने मनोवृत्ति बलियो हुँदै गयो । सिद्धान्त, विचार भन्दा पनि कुर्सीका लागि जे गर्न पनि पछि नपर्ने दलहरूको प्रवृत्ति यही मनोवृत्तिको उपज हो । यिनीहरू कुर्सीका लागि आफ्नो सिद्धान्त र दृष्टिकोणलाई जुनसुकै बेला रद्दीको टोकरीमा फाल्न तयार हुने गरको देखिन्छ ।*

धेरैतिर निर्वाचन जितेपछि आफ्नो सरकार बन्ने रहेछ भन्ने सोच हावी भयो । सरकार बनेपछि राज्यका अरू निकाय कब्जा गर्न सकिनेरहेछ भन्ने मान्यता बन्दै गयो । अनि कतिपय उम्मेदवारहरूमा 'हामीलाई त कसैले पनि केही गर्न नसक्ने रहेछ' भन्ने मनोवृत्ति बलियो हुँदै गयो । सिद्धान्त, विचार भन्दा पनि कुर्सीका लागि जे गर्न पनि पछि नपर्ने दलहरूको प्रवृत्ति यही मनोवृत्तिको उपज हो । यिनीहरू कुर्सीका लागि आफ्नो सिद्धान्त र दृष्टिकोणलाई जुनसुकै बेला रद्दीको टोकरीमा फाल्न तयार हुने गरेको देखिन्छ ।

*अनलाइनखबर*

# ऋषि सुनकको पद भारतीयको प्रताप होइन, विविधता स्वीकार्ने बेलायती नीति हो



अपूर्वानन्द

बेलायतको नयाँ प्रधानमन्त्रीको रूपमा ऋषि सुनकको नामको घोषणा पछि भारतीय समाचार एजेन्सीहरू र एक प्रमुख अंग्रेजी अखबारले रिपोर्ट गरे, 'भारतका लागि ब्रिटिश उच्चायुक्तले आफ्नो हिन्दुत्वलाई रेखांकित गर्न हिन्दी प्रयोग गरे।' हिन्दु-हिन्दीको यो अन्तरनिर्भर सम्बन्धलाई भारतीयहरूले मात्र जोड दिन सक्छन्। के हिन्दी हिन्दुहरूको भाषा हो ? तपाईं यो प्रश्न यसरी पनि सोध्न सक्नुहुन्छ: के हिन्दी हिन्दुहरूको भाषा हो ? के यो त्यही हो जसका हिन्दु पुर्खाहरू गुजरानवालाबाट करिब सय वर्षअघि अफ्रिका गएका थिए ? ती पञ्जाबी खत्रीहरूको भाषा त्यतिबेला पनि हिन्दी थियो ? बेलायती उच्चायुक्त यही भएर उनलाई 'ऋषि' कि 'रिशि' लेख्ने भनेर कुनै समस्या परेन भन्दैथिए। सायद सुनक महोदय वा ब्रिटिश उच्चायुक्तलाई सही हिज्जे सुनाएर धेरै हिन्दी भाषी जनताको द्विविधा हटाउनुपर्नेछ।

ऋषि सुनकले सार्वजनिक रूपमा आफ्नो हिन्दुत्वको बढावा दिने गतिविधि गर्छन्। उनले गाईको पूजा गर्दा इस्कोन मन्दिरका पुजारीले खुट्टा छुने तस्बिरहरू देख्न सकिन्छ। क्रिस्चियन, गोरा बहुसंख्यक बेलायतका राजनीतिज्ञले यो गर्न सक्छन्। के यो हिन्दु धर्मको महानता हो वा ब्रिटिश समाजको सकारात्मक सहिष्णुता ? जुन जतिसुकै अप्ठ्यारो लागे पनि उनीहरू स्वीकार्छन् ।

गाईको मासु खाने जनसमुदायले अलिकति विस्मयकारी हास्यको साथ गाई पूजा हेर्न सक्छन्। यसले न त गाईको न यो 'हिन्दु' रिवाजको श्रेष्ठता प्रमाणित गर्दछ। र, सुनक आफैंले आफ्नो भोजन अभ्यास र गाई पूजामा कुनै विरोधाभास नदेख्नु पनि स्वाभाविक नै मान्नुपर्छ । भारतीय मूलको एक हिन्दु मानिस बेलायतको प्रधानमन्त्री बनेको छ, यसमा धेरैले प्रतिशोधको आनन्द लिइरहेका छन्। ट्वीटरवादी हल्लाखोर नेताहरू लेखिरहेका छन्, 'लगान से लगाम तक' हिन्दु भारतीय दिमागले यसलाई बेलायतमाथि भारतको विजयको रूपमा पनि हेरिरहेको छ। केही मानिसहरूले अंग्रेजले भारत छोडेपछि कानुनी रूपमा भारतीयहरूले देशलाई सम्हाल्नेमा शंका गर्ने चर्चिलले जवाफ पाएको लेखिरहेका छन् ।

उनीहरूले बेलायतका गोरा जनतालाई खिल्ली उडाइरहेका छन् र भनिरहेका छन्, तपाईं जुन दलदलमा फस्नुभएको छ त्यो दलदलबाट बाहिर निस्कनका लागि तपाईंले धुस्रे 'भारतीय' हिन्दुको शरण लिनुपरेको थियो।' डाउनिङ स्ट्रिटमा दीपावलीमा बलेको बत्ती देखेर धेरै जना खुसी छन्।खास बेलायतीपनलाई सुरक्षित राख्नको लागि बेलायतले जब ब्रेक्जिट स्वीकार गऱ्यो, त्यसपछि सुरु भएका आर्थिक क्रियाकलापले एशियाली मूलका सामान्य एक व्यक्तिलाई त्यहाँ पुऱ्यायो जसले बेलायतीपनलाई सुरक्षा गर्नुका साथै आर्थिक संकटबाट मुक्ति दिलाउन भूमिका खेल्नुपर्नेछ। झन् यस्तो निर्णय दक्षिणपन्थी टोरी पार्टीले लिएको हो।तर त्यसअघि बोरिस जोनसनको क्याबिनेटमा धेरै अश्वेत र एशियाली थिए। तीमध्ये जो-कोहीलाई नेता चुन्न सकिन्थ्यो। बाबु र आमाको सम्बन्ध हेर्दा सुनक भारतबाट तीन पुस्ता टाढा छन्। तर उनीहरूका छोराछोरी आफ्नी आमाको कारण भारतबाट एक पुस्ता मात्र टाढा छन्, जसको मातृ गृह बैंगलोर हो ।

सुनकले आफू भारतीय मूल भएकोमा गर्व रहेको बताएका छन्। यसको जवाफमा इटालियन मूलकी सोनिया गान्धीलाई भारतीय राजनीतिमा उनको कंग्रेस पार्टीले नेतृत्वमा निर्वाचित गर्ने सम्भाव्यता देखाएको बेला संस्कारी हिन्दु भारतीय सुष्मा स्वराजले दिएजस्तो राष्ट्रवादी धम्की हामीले कुनै बेलायती राजनीतिज्ञले दिएको देखेनौं।सोनिया गान्धीले आफू इटालियन भएकोमा गर्व गर्छु भनेर पनि भनिनन्। उनी यसरी नै नेतृत्वमा चुनिएकी थिइन् जसरी सुनकलाई टोरी पार्टीले छनोट गऱ्यो। कुनै पनि श्वेत इसाई राजनीतिज्ञले यसका लागि अवकाश लिने वा आत्महत्या गर्ने धम्की दिएनन्। किन ?कतिपय हिन्दुहरूले यो तुलना असंगत रहेको बताएका छन्। हिन्दु भारतीय जहाँ जान्छन्, उक्त देशप्रति पूर्ण रूपमा बफादार हुन्छन्। अरुको बारेमा पनि यही निष्कर्ष निकाल्न मिल्दैन। साथमा उनीहरू हिन्दु भारतीय जहाँ जान्छ, उसले भारतलाई आफ्नो मुटुमा राख्छ भन्ने दाबी पनि गरिरहेका हुन्छन्। अर्थात् दुवैतिर बफादारी एकसाथ राख्न सकिन्छ। उनीहरूबीच कुनै विवाद छैन ।

के यही कुरा गैर हिन्दुहरूमा पनि लागू हुन्छ ? हिन्दुत्ववादीहरू आफैं यो छुट लिन चाहन्छन्, तर अन्य धर्मका अनुयायीलाई यसको अनुमति दिंदैनन्। वा यो बाहिरी देशका हिन्दुहरूलाई त लागू हुनेछ, तर यो न भारतका गैर-हिन्दुहरूलाई लागू हुनेछ, न गैर-भारतीय मूलका मानिसलाई। बाहिर जुन अवसर भारतीय मूलका हिन्दुहरूले पाउनुपर्छ, त्यो भारतमा हिन्दु बाहेकले पाउँदैनन् । हिन्दु धर्मलाई विशेषाधिकार प्राप्त धर्म मान्ने र आफूलाई चुनिएको मान्छे ठान्ने हिन्दुहरूको संख्या उल्लेखनीय छ। त्यसैले बाँकीलाई उनीहरूले पाउनुपर्ने अधिकारको लागि योग्य ठान्दैनन्। श्वेत क्रिस्चियनहरूमा वर्चस्ववाद पाइन्छ, हिन्दुहरू पनि यसबाट ग्रस्त रहेकोमा कुनै शंका छैन। बेलायतमा एक हिन्दु नागरिक सत्तासीन हुने अवसरलाई बेलायती समाजमा हिन्दुत्व वा भारतीयको प्रतापको रूपमा नभई त्यहाँ विविधता र विभिन्नताप्रति क्रमश: बढिरहेको स्वीकृतिको परिणामको रूपमा हेरिनुपर्छ।

टोरी पार्टीले सुनकको सट्टा साजिद जाविदलाई आफ्नो नेता चुन्न सक्छ। पाकिस्तानी मूलका मुस्लिम साजिदलाई गृह र वित्त जस्ता महत्वपूर्ण मन्त्रालय सम्हाल्न सक्षम मान्न सक्थ्यो भने उनलाई शीर्ष नेतृत्वमा स्वीकार गर्न किन सक्दैन ? यो नभुलौं कि भारतमा बेलायतको पर्यायवाची मानिने सहर लण्डनका मेयर पाकिस्तानी मूलका मुस्लिम छन्। सुनकको चुनावमा ब्रह्माण्डीय हिन्दु उल्लासको नशामा यी तथ्यहरू बिर्सनुहुँदैन।अर्को एउटा कुरा हिन्दुहरूले ध्यानमा राख्नुपर्छ। सुनकलाई बेलायतमा हिन्दुत्व देखाउँदै राजनीति गर्न कुनै बाधा परेन। तर भारतमा अब्दुल कलामको सम्मान उनको 'हिन्दु' आचरणको कारण थियो। सोनिया गान्धीलाई क्रिस्चियनको रूपमा सार्वजनिक रूपमा कहिल्यै देखिएन। उनका फ्यानहरूले पनि उनी पूर्णतया भारतीय वा हिन्दु रंगमा रंगिएको भन्दै प्रशंसा गर्छन्। सोनिया गान्धीप्रति सम्मानको एउटा कारण उनले टाउकोमा पछ्यौरा वा हिन्दु चाडपर्वहरूमा हिन्दु बुहारीजस्तो व्यवहार गर्नु पनि हो।मुस्लिम वा क्रिस्चियन अभिव्यक्तिलाई हिन्दु अभिव्यक्तिसँग तुरुन्तै सन्तुलन मिलाउनुपर्छ। यसको पछिल्लो उदाहरण एक मुस्लिम टिभी एङ्करले ठोक्किएपछि भेटियो। खस्नबाट जोगिएकोमा 'धन्यवाद अल्लाह' भन्दै राहत व्यक्त गरिएको थियो। तर उनी तत्कालै सचेत भइन्। अल्लाहलाई धन्यवाद दिन पर्याप्त थिएन। त्यसपछि रामलाई धन्यवाद दिन आवश्यक ठाने।

ऋषि सुनक प्रधानमन्त्री हुनु बेलायतका लागि अवश्य पनि गौरवको क्षण हो किनकि यसले 'बाहिरिया'सँगको मित्रतामा ठूलो प्रगति गरेको देखाउँछ। यसमा हिन्दु धर्म वा यसका अनुयायीहरूको विशेष केही छैन। बेलायतले पनि हिन्दु धर्मको फलाम स्वीकार गर्नुपरेको भन्नु नैराश्यताको अभिव्यक्ति हो। हिन्दुहरूले सोच्नुपर्ने अर्को कुरा पनि छ। यस क्षणले हिन्दु र भारतीयलाई समानार्थी शब्दको रूपमा विचार गर्ने बानीबाट छुटकारा पाउन मद्दत गर्न सक्छ। भारत हिन्दु धर्मको जन्मभूमि हो र त्यसैले हिन्दुको लागि, चाहे त्यो ब्रिटिश होस् वा अमेरिकी वा अफ्रिकी, भारत एक पवित्र भूमि रहनेछ। जसरी मुस्लिमको लागि चाहे त्यो ब्रिटिश होस् वा अमेरिकी वा भारतीय, मक्का वा मदिना पवित्र भूमि हो । यसले उनीहरूको राष्ट्रप्रतिको निष्ठामा कुनै फरक पर्दैन ।

ऋषि सुनक बेलायतको प्रधानमन्त्री हुँदा विनायक दामोदर सावरकरको पितृभूमि-पुण्यभूमि सिद्धान्त पूरै खण्डित भएको छ। अब हिन्दु धर्मलाई भारतको क्षेत्रीयवादबाट मुक्त गर्ने समय आएको छ। तर यसले हिन्दु वर्चस्ववादको अन्त्यको ग्यारेन्टी गर्दैन। यसले श्वेत वर्चस्ववादसँग गठजोड गर्न सक्छ र विश्वभर फैलिएको मुस्लिम विरोधी घृणा थप्न सक्छ। यसतर्फ चनाखो हुनुपर्ने आवश्यकता थप बढेको छ। - *अनलाइनखबरबाट*

*(लेखक दिल्ली विश्वविद्यालयमा पढाउँछन् । द वायरमा प्रकाशित सामग्रीको यो भावानुवाद हो।)*

# तेस्रो विवाहको चर्चाबीच अमेरिकामा रोमान्टिक देखिए भुवन र जिया

काठमाडौं / तिहार अघि नै अमेरिका घुम्न निस्किएका चलचित्र विकास बोर्डका अध्यक्ष एवं अभिनेता भुवन केसी काठमाडौं फर्किदैछन् । ग्लोबल फिल्म अवार्ड समारोहमा भाग लिन प्रेमिका जिया केसीलाई लिएर डेन्भर उडेका भुवन त्यहाँ झण्डै दुई साता रहे । नेपाली समुदाय, आफन्त र अमेरिकास्थित परिवारलाई भेट्ने काममा उनी व्यस्त रहे ।

भुवनको अमेरिका भ्रमण फिल्म अवार्ड रघुमघामभन्दा तेस्रो विवाह सम्बन्धी उनको एक अन्तर्वार्ताले चर्चामा आयो । जसको तरंग भारतमा रहेकी उनकी पूर्वपत्नी सुस्मितासम्म पुग्यो । सुस्मिताले यसबारे टिप्पणी समेत गरिसकेकी छन् । अमेरिकामा रहँदा भुवन र जिया घुमघाममा निकै रोमान्टिक पनि देखिए । युनिभर्सल स्टुडियो घुम्ने, गल्फ खेल्नेदेखि अन्य रोमान्टिक ठाउँ घुम्नेसम्मका




तस्वीर देखिए । जियाले भुवनसँगका रोमान्टिक तस्वीर सार्वजनिक गरेकी छन् ।तेस्रो विवाहको चर्चाबीच यो जोडीको चर्चा अहिले पुनः सुरु भएको छ । भुवनले त चाँडै गुड न्युज समेत आउने बताइसकेका छन् ।*अनलाइनखबर*

# एलन मस्कले ट्वीटर किनेपछि सेलिब्रिटीमाझ तरंग : कान्ये वेस्ट फर्किए, सोन्डा राइम्सले छाडिन्

काठमाडौं / अर्बपति एलन मस्कले ट्वीटर खरिद गरेपछि विश्वभर तरंग फैलिएको छ । कतिपय मस्कको पक्षमा उभिएका छन् भने कतिपयले अभिव्यक्ति स्वतन्त्रताका लागि कालो दिन भन्दै ट्वीटर प्लेटफर्म छाड्ने घोषणा गरेका छन् । कतिपय सेलिब्रिटीले मस्कको युग सुरु भएपछि पनि ट्वीटरमै रहने बताइसकेका छन् भने कतिपयले ट्वीटर प्लेटफर्म त्याग्ने जनाएका छन् । प्लेटफर्म प्रयोग गर्ने घोषणा चाहिं हलिउड फिलम निर्माता सोन्डा राइम्सले गरेकी छन् । अन्य केही कलाकारले पनि ट्वीटर घृणात्मक अभिव्यक्ति दिने प्रयोगकर्ताको प्लेटफर्म बन्ने भन्दै चिन्ता जाहेर गरेका छन् । मस्कले ट्वीटर खरिद गरेको केही घण्टामै ऱ्यापर कान्ये वेस्ट ट्वीटरमा फर्किएका छन् । उनको निलम्बित ट्वीटर ह्याण्डल सक्रिय भएको छ





।यसअघि हेट स्पिच दिएको भन्दै ऱ्यापर वेस्टलाई ट्वीटरले निलम्बित गरिदिएको थियो । १.९ मिलियन जनाले पछ्याएका फिलम 'ग्रेज एनाटोमी'की निर्मात्री सोन्डा राइम्सले ट्वीटर छाडेको घोषणा गरेकी छन् । अर्का अमेरिकी फिल्म निर्माता केन ओलिनले पनि प्लेटफर्म छाडेको जनाएका छन् ।'फ्रोजन' स्टार जोस गाडले पनि मस्कको आगमनपछि ट्वीटर प्रभावित हुने भन्दै चिन्ता जाहेर गरेका छन् ।*अनलाइनखबर*

# अस्पतालबाट डिस्चार्ज भइन् सीता दाहाल



काठमाण्डौ/ १५ दिन अस्पतालमा उपचार गराएर सीता दाहाललाई घर लगिएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकी पत्नी सीता लामो समयदेखि बिरामी छिन्।उनलाई दुई साताअघि उपचारका लागि ललितपुरको मेडिसिटी अस्पताल लगिएको थियो।स्वास्थ्यमा केही सुधार भएपछि आज उनलाई अस्पतालले डिस्चार्ज गरेको छ।सीताकी छोरी गंगा दाहालका अनुसार सीतालाई १५ दिन अस्पतालमा उपचार गराएर आज खुमलटार लगिएको छ ।

'स्वास्थ्य लाभको कामना गर्नु हुने शुभेच्छुकहरुको माया र आशीर्वादले ममीको स्वास्थ्यमा सुधार आई आज डिस्चार्ज गरेर घर ल्याइएको छ,' उनले भनेकी छन् ।

# नेपाल वायुसेवा निगमले माग्यो माफी

नेपाल वायुसेवा निगमले काठमाडौं-दिल्ली-काठमाडौं उडान रद्दबारे माफी मागेको छ । सोमबार निगमका प्रवक्ता अर्चना खड्काले विज्ञप्ति जारी गर्दै विशेष कारणवस उडान रद्द हुनपुगेको बताउँदै सो बाट यात्रुवर्गमा पर्न गएको असुविधाप्रति दुख व्यक्तसहित क्षमा याचना माग गरेकी हुन् ।

आइतबार अर्थात् ३० अक्टोबर २०२२ को निगमको काठमाडौं-दिल्ली-काठमाडौंको उडान आरए-२१७/२१८ उडान र सोमबार ३१ अक्टोबरको आरए-२०५/२०६ उडान विशेष कारणवस




रद्द भएको थियो । योसगै नागरिक उड्ययन प्राधिकरणले सोमबार निगमसँग स्पष्टीकरण माग गरेको थियो । निगमले यस्तो गल्ती अब नहुनेमा सचेत रहेको समेत सोही विज्ञप्तिमार्फत प्रतिवद्धता जाहेर गरेको छ ।

# *नो नट अगेन अभियानलाई चेतावनी दिएको भन्दै निर्वाचन आयोगविरुद्ध रिट दायर*

काठमाडौं / नो नट अगेन अभियान विरुद्ध निर्वाचन आयोगले जारी गरेको चेतावनी विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आयोगले जारी गरेको सूचना खारेज हुनुपर्ने माग राखी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका हुन । नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्ध आयोगले दूषित मनसायले सूचना जारी गरेको भन्दै उनले त्यसलाई अन्तरिम आदेशमार्फत तत्काल निस्तेज बनाउन र खोज गर्न माग गरेका छन् ।

निर्वाचनका क्रममा नागरिकले आफ्नो हक र स्वतन्त्रताको शान्तिपुर्ण रुपमा उपभोग गर्न पाउनुपर्ने भन्दै त्रिपाठीले आयोगले जारी गरेको सूचनाले नागरिकको संवैधानिक स्वतन्त्रतालाई निष्प्रभावी बनाउने दावी गरेका छन् ।'यो सूचना




आफैंमा स्वेच्छाचारी एवं बदनियतपूर्ण छ । संबैधानिक स्वतन्त्रतालाई पूर्णरूपमा निष्प्रभावी तुल्याउन खोजिएको छ'उनले रिट निवेदनमा भनेका छन्, 'निर्वाचन आयोगले संबिधानले तोकेको भन्दा फरक बिषयवस्तु तथा आधारमा नागरिक स्वतन्त्रतालाई प्रतिबन्धित वा कुण्ठित गर्नु स्वेच्छाचारिताको नमूना हो ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नेपालको पब्जी टिम डीआरएस ग्लोबल च्याम्पियनसिपका लागि छनोट

काठमाडौं / नेपाली पब्जी टिम डीआरएसले ग्लोबल इस्पोर्टस फेडेरेसनको आयोजनामा हुन लागेको विश्व च्याम्पियनसिप ग्लोबल इस्पोर्टस गेम्सका लागि छनोट भएको छ । आइतबार भएको एसियाली छनोट पार गरी डीआरएसले डिसेम्बरमा टर्कीको इस्तानबुलमा हुने प्रतियोगिताका लागि आधिकारिक मान्यता पाएको हो । आआफ्नै बुट क्याम्पमा बसेर भएको प्रतिस्पर्धामा नेपाल शीर्ष चार भित्र रहेर विश्वस्तरीय प्रतिस्पर्धाका लागि छानिएको हो ।



समूहमा ८ देशका टिमबीच प्रतिस्पर्धा भएको थियो । मंगोलिया, चाइनिज ताइपेई, भियातनाम र नेपाल छनोट हुँदा ब्रुनाई, पाकिस्तान, माल्दिभ्स र श्रीलंका पराजित भएको हो । डीआरएसका दीपेश गुरुङ, साहस भण्डारी, सुविन कुमार प्रजापती, समीर गुरुङ र संगीन भट्टराईको टिमले एसियन छनोटमा जीत हासिल गरेको हो । यो टिम आसन्न एसियाली खेलकुदका लागि नेपालको प्रतिनिधित्व गर्ने तयारी समेत गर्दैछ ।

डीआरएसलाई घरेलु छनोट प्रतियोगिता विना नै विदेशमा खेल्न अनुमति दिइएकोमा अन्य टिमले विरोध जनाएका छन् । तर , नेपाल इस्पोर्टस संघका अध्यक्ष सुरज डंगोलले भने संघको मापदण्डअनुसार नै डीआरएसले अनुमति पाएको दावी गरे ।संघले वर्षमा एकपल्ट आफैंले गर्ने राष्ट्रिय प्रतियोगिताको नतिजाका आधारमा वर्षभरि हुने वैदेशिक प्रतियोगिताका लागि टिमलाई अवसर लिने मापदण्ड बनाइएको जानकारी दिए । गत सेप्टेम्बरमा काठमाडौंमा भएको राष्ट्रिय प्रतियोगितामा हाइ भोल्टेज टिमले उपाधि जितेको थियो भने डीआरएस उपविजेता बनेको थियो ।सोही आधारमा हाइ भोल्टेजले अन्तर्राष्ट्रिय इस्पोर्टस फेडेरेसन ( आईएसएफ)ले इण्डोनेसियाको बालीमा आयोजना गर्न लागेको विश्व च्याम्पियनसिपका लागि अनुमति पाएको थियो । तर, दक्षिण एसियाली छनोटमै सो टिम पराजित भयो ।'आईएसएफ र ग्लोबल ईस्पोर्टस फेडेरेसन (जीएसएफ) ले गर्न लागेको ग्लोबल इस्पोर्टस गेम्स २०२२, इस्तानबुलको आयोजना मिति एकै समयमा पर्ने भएपछि हामीले दोस्रो भएको टिम डीआरएसलाई अनुमति दिएका हौं,' संघका अध्यक्ष सुरज डंगोलले अनलाइनखबरसँग भने ।आईएसएफ र जीएसएफ इस्पोर्टसमा समान गतिविधि गर्ने विश्वस्तरीय महासंघ हुन् । नेपालले दुवै महासंघको मान्यता लिएको छ । तर, एसियाली खेलकुद, ओलम्पिकजस्ता आधिकारिक प्रतियोगितामा सहभमागिताका लागि आईएसएफमार्फत जानुपर्नेछ ।डीआरएस टिम पब्जीको सबैभन्दा ठूलो विश्वस्तरीय प्रतियोगिता पब्जी मोबाइल ग्लोबल च्याम्पियनसिप (पीएमजीसी) मा तीनपल्ट छनोट भइसकेको छ । डीआरएससँगै एसजी र टीटूके नोभेम्बर १० देखि मलेसिया र इन्डोनेसियामा हुन लागेको पीएमजीसीको लागि छनोट भएका हुन् । नेपालमा इस्पोर्टसको एउटा विधा मोबाइल पब्जीलाई व्यवसायिक बनाउन डीआरएस अग्रणी मानिन्छ । यो टिमले नेपालमै पहिलोपल्ट व्यवसायिक रुपमा खेलाडी अनुबन्धन गरी गतिविधि सुरु गरेको हो ।

# लुला दा सिल्भा तेस्रोपटक ब्राजिलको राष्ट्रपतिमा निर्वाचित

लुला दा सिल्भा ब्राजिलको राष्ट्रपतिमा तेस्रो पटक चुनिएका छन्। निवर्तमान राष्ट्रपति जायर बोल्सोनारोलाई हराउँदै वामपन्थी नेता सिल्भा राष्ट्रपति बनेका हुन् ।

सिएनएनका अनुसार यसपटक सिल्भा र बोल्सोनारोबीच कडा प्रतिस्पर्धा भएको थियो। सिल्भाले ५०.८३ प्रतिशत र बोल्सोनारोले ४९.१७ प्रतिशत मत प्राप्त गरेका थिए। पहिलो चरणको निर्वाचनमा कसैको पनि बहुमत नआएपछि सबैभन्दा धेरै मत पाएका सिल्भा र बोल्सोनारोबीच ३० अक्टुबर आइतबार पुनः चुनाव भएको थियो।नवनिर्वाचित राष्ट्रपति सिल्भाले भोलि जनवरी १ मा सपथ लिनेछन् ।



विजय पछि उनले विभाजित देशलाई एकीकरण गर्ने बाचा गरेका छन् । लुलाले अमेजन जङ्गलको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहयोग पनि मागेका छन्।उनले अब ब्राजिललाई कच्चा पदार्थको निर्यातकर्ता मात्र बन्नका लागि व्यापार सम्झौता नगर्ने स्पष्टपारेका छन्।वामपन्थी नेता लुला तीन वर्षअघिसम्म भ्रष्टाचार मुद्दामा जेल सजाय भोग्दै आएका थिए।

# सन्दीप लामिछानेको जग्गा र बैंक खाता रोक्का गर्न माग

काठमाडौं / जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले बलात्कार आरोपी सन्दीप लामिछानेको जग्गा र बैंक खाता रोक्का राख्न अदालतसमक्ष प्रस्ताव गरेको छ । क्षतिपूर्ति प्रयोजनका लागि लामिछानेको नाममा रहेको चितवनको कल्याणपुर -७ जग्गा रोक्का गर्न सरकारी वकिलले अभियोग पत्रमा माग गरेको हो । साथै, लामिछानेको नाममा रहेको एनआईसी एसिया बैंकको खाता नम्बर ०५४५७ 'को नगद ६५ हजार २९८ रुपैयाँ पनि रोक्का राख्न सरकारी वकिलको प्रस्ताव छ । संवेदनशील प्रकृतिको मुद्दा भएकाले बन्द इजलासमा राखेर गोपनियता कायम गर्दै निरन्तर सुनुवाइ गर्न पनि सरकारी वकिलले माग छ । सरकारी वकिलले मुलुकी अपराध संहिताको दफा २१९ को उपदफा (३) बमोजिम लामिछानेलाई १० देखि १२ वर्षसम्म जेलसजाय गर्न पनि माग दाबी प्रस्तुत गरेको छ ।

साझाकुरा

**"तपाई, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**

वेवसाइडमाः ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



# छठको रौनक





हेटौंडा उपमहानगरपालिका वडा नं. १ राप्तिखोला किनारमा सूर्यको आरधना र पूजा गरी उल्लासपूर्वक छठ मनाइएको छ । छठ पर्वको मुख्य दिन आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिन राप्तीतटमा लागेको भीड र अर्घ्य दिँदै गरेका भक्तजन । छठ पर्वमा सूर्यदिवको आराधना, उपासना र पूजा गर्ने गरिन्छ । कात्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कात्तिक शुक्ल पञ्चमीमा सखर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई व्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एक छाक फलहार गरिन्छ । षष्ठीका दिन रातभर जागा बसी कात्तिक शुक्ल सप्तमीका दिन सोमबार बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अर्घ्य दिएपछि छठ पर्व समापन गरिन्छ । आइतबार राप्ति तटमा ४० हजार भन्दा बढी भक्तजान सहभागी भएको जनाइएको छ । पूजाको लागि राप्ति बगरमा टेण्ट लगाउने, बत्ती लगाउने, मुर्ती बनाउने जस्ता विविध कार्य गरेर सिंगारिएको थियो । छठ पूजाका लागि राप्ति तटमा टेन्ट र पण्डाल लगाइएको थियो । छठ पूजा आयोजक संयुक्त मधेशी सेवा समाज नेपालका सचिव नन्दलाल दासले छठ पूजा सोचेअनुरुप भएको बताए । भक्तजनहरुको उल्लासपूर्ण सहभागिता रहेको दासले बताए । सामाजिक सद्भावको पहिचान बनेको छठ पर्व मनाउन राप्ति तटमा पहाडी समुदायको पनि उल्लेख्य उपस्थिति रहेको थियो । *तस्बीर: साझाकुरा र सामाजिक सञ्जालबाट ।*

# एमालेका वडा अध्यक्ष मलाई जिताउन लागेका छन्: खतिवडा

साझाकुरा संवाददाता

हेटौंडा, १४ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा गठबन्धनबाट उम्मेदवार रहेका नेकपा (एकीकृत समाजवादी)का विरोध खतिवडाले आफूलाई चुनाव जितउन आधा दर्जन एमालेका वडा अध्यक्ष लागेको खुलासा गरेका छन् ।

जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा सोमबार बाम लोकतान्त्रिक गठबन्धनको निर्वाचन परिचालन कार्यालय स्थापना गर्दै एकीकृत समाजवादीका स्थायी समिति सदस्य खतिवडाले आफ्नो क्षेत्रमा गत स्थानीय तहमा एमालेबाट निर्वाचित झन्डै आधा दर्जन वडाध्यक्षले आफूलाई जिताउन आवश्यक सबै खालको सहयोग गर्ने प्रतिबद्धता जनाएको खुलासा गरेका हुन् । 'एमालेबाट चुनाव जितेका झन्डै आर्जन वडाध्यक्षले मलाई यो



चुनावमा सघाउने प्रतिबद्धता जनाइसकेका छन् । त्यसो हुँदा हामी दोब्बर मतले विजय हुन्छौं', खतिवडाले भने । खतिवडाले आफूलाई सघाउने बचन दिएका वडाध्यक्षको नामै भनिदिन मन भएपनि उनीहरुको परिचय अहिले गोप्य राख्नुपर्ने बताए ।

'मलाई अनि गठबन्धनलाई जिताउन लागि परिरहेका उनीहरुको नामै पनि भनिदिन हुन्थ्यो । तर नामै भन्दा अरिङ्गालहरु गएर झम्टिदेलान् । उनीहरुमाथि प्रहार होला भन्ने डर भएकाले अहिलेलाई हामी ढुक्क भएर बस्दामात्र हुन्छ', उनले भने । एमाले अध्यक्ष केपी ओली प्रतिगामी भएकाले आफूहरुले विद्रोह गरी गठबन्धन बनाएर जनताको माझमा आएको उनले बताए । इन्द्रसरोबर गाउँपालिका पर्यटन विकासको सम्भावना भएको ठाउँ भएकाले यसको विकासका लागि लागिपर्ने प्रतिबद्धता उनको छ । 'इन्द्रसरोबर फेवातालको विकल्प बन्नेछ । यसबाट पर्यटकीय विकास हुनेछ,' खतिवडाले भने ।

'पर्यटन, होटल र अन्य व्यवसायका लागि यसबाट फाइदा पुग्नेछ,' उनले संघीय सरकारले सात वटा प्रदेशको सात स्थानलाई पर्यटकीय क्षेत्र भनेकोमा बागमती प्रदेशमा इन्द्रसरोबरलाई एक नम्बरमा पारिएको उल्लेख गरे । क्षेत्र नम्बर २ को प्रदेशसभा (क) को उम्मेदवार माओवादी केन्द्रकी कुमारी मोक्तानले बागमती प्रदेशमा चार वर्षसम्म एमालेका डोरमणि पौडेलको सरकार भएकाले चाहेर पनि आफूले सोचेजति काम गर्न नपाएको बताइन् ।

## हेटौंडा-७ मा लोकतान्त्रिक गठबन्धन प्रचारप्रसार कार्यालय

हेटौंडा/ लोकतान्त्रिक बाम गठबन्धनले हेटौंडा-७ मा चुनावप्रचारप्रसार कार्यालय उद्घाटन गरेको छ ।

मंसिर ४ गते हुने प्रतिनिधसभा र प्रदेशसभा निर्वाचनको लागि सोमबार प्रचारप्रसार कार्यालय उद्घाटन गरिएको हो । वडास्तरीय चुनाव प्रचारप्रसार समितिका संयोजक अर्जुन गौतमको सभाध्यक्षता तथा मकवानपुर क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यउम्मेदवार महालक्ष्मीउपाध्याय 'डीना' को प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा मकवानपुर क्षेत्र नम्बर १ (ख) प्रदेश सभा सदस्य उम्मेदवार आनन्दराम पराजुलीको उपस्थिति थियो । प्रचार प्रसार कार्यालय उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य उम्मेदवार 'डीना' र प्रदेशसभा सदस्य उम्मेदवार पराजुली, नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामाले मन्तव्य व्यक्त गरेका थिए ।

# '३ वर्षमा विकास गर्न नसके राजीनामा दिन्छु'



हेटौंडा/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुर का वरिष्ठ नेता तथा मकवानपुर प्रतिनिधिसभा क्षेत्र-२ का उम्मेदवार राजन मैनालीले आफूलाई जनताले मत दिएर जिताएपछि ३ वर्षमा मकवानपुरको विकास गर्न नसके राजीनामा दिने बताएका छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-११ मा कार्यकर्ता परिचयात्मक कार्यक्रममा मैनालीले मकवानपुरमा तीन वर्षमा विकास नभए आफूले राजीनामा दिने बताएका हुन् । आफू स्वार्थका लागि राजनीतिमा नआएकाले यस पटक मत दिन उनले मतदातालाई आग्रह पनि गरे ।

कार्यक्रममा राप्रपा मकवानपुर प्रतिनिधिसभा क्षेत्र-२ का समानुपातिक उम्मेदवार रामबहादुर थोकर, राप्रपा मकवानपुर जिल्ला सदस्य निर्धोज खड्का, विकास बोम्जन, पूर्णिमा लोप्चन, डबल तितुङ, खुशी कार्की, माया न्यौपानेलगायतको आतिथ्यता थियो । मैनाली देशमा राजासहितको हिन्दु राज्य स्थापना, संघीयता खारेज, गाँजालाई वैधानिकतालगायत एजेण्डासहित चुनावी अभियानमा छन् ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

☞ विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेरमात्र भुक्तानी गर्ने गरौं ।

☞ सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।

☞ सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं ।

☞ समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## हार्दिक श्रद्धाञ्जली



स्व. सुमितकुमार बजगाईं

यस नारायणी संघ हेटौंडाका आई.टी. इन्चार्ज सुमितकुमार बजगाईंको यहि २०७९ कात्तिक ३ गतेका दिन असामयिक निधन भएकोले स्वर्गीय आत्माको चीरशान्तीको कामना गर्दै आज १३ औं दिनको पुण्य तिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

हिरालाल श्रेष्ठ (अध्यक्ष) एवम्
**नारायणी संघ हेटौंडा, परिवार**








**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना